# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१३/०७९/०८० मिति २०७९।१२।१० गतेको एजेण्डा तथा निर्णयहरू

१. जीविकोपार्जनको लागि दुहुना भैंसी पालन कार्यविधि सम्बन्धमा।
निर्णयः प्रस्ताव नं.१ माथि छलफल गर्दा सर्वसम्मतिले आजकै मिति देखि लागू हुने गरी जीविकोपार्जनको लागि दुहुना भैंसी पालन कार्यविधि, २०७९ स्वीकृत गरियो।

२. गरिब परिवार परिचय पत्र वितरण कार्यक्रम सम्बन्धमा।
निर्णयः गरिब परिवार परिचय पत्र वितरणको गुनासो सुनुवाइ कार्यक्रम संचालन गर्न सम्बन्धित मन्त्रालयबाट प्राप्त गरिब परिवारको सूची सार्वजनिक गर्ने निर्णय गरियो।

३. वृक्षारोपन कार्यक्रम सम्बन्धमा।
निर्णयः वृक्षारोपन कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा छलफल गर्दा हरेक वडालाई बाँस खरिद गर्न रु.२०,०००।–(बीस हजार मात्र) प्रति वडाका दरले रकम उपलब्ध गराउने र वडाले कम्तीमा ५० वटा रुख\बिरुवा वृक्षारोपन गर्नुपर्ने निर्णय गरियो।

४. बेरोजगार व्यक्तिहरूको सूची दर्ता सम्बन्धमा।
निर्णयः यस उपमहानगरपालिकाको मिति २०७९।१०।२४ च.नं.३७५४ को पत्रानुसार वडा नं.१ देखि २७ बाट आएका बेरोजगार व्यक्तिका निवेदन रोजगार व्यवस्थापन सूचना प्रणाली(EMIS) मा प्रविष्टि गर्ने निर्णय गरियो।

५. प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना सम्बन्धमा।
निर्णयःतपसिल बमोजिमको काम गर्न लाग्ने ज्याला वापतको रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट व्यहोर्ने निर्णय गरियो।

- वडा नं.१ पर्सा टोलमा रहेको धर्मशाला देखि दक्षिण टेङ्गरहर नदी सम्म, श्री ज्ञान ज्योती स्कुल देखि रामपुर सम्म र पर्सा गाउँ देखि कट्टी टोलसम्म कृषि बाटो निर्माण कार्य,
- वडा नं.१४ भौरा गाउँमा धोबिया टोल देखि पसाहासम्म, भौरा विद्यालयदेखि पसाहा खोलासम्म र लक्ष्मिनिया टोलदेखि बिजुलपुर टोलसम्म कुलो पैनी मर्मत कार्य,
- वडा नं.९ स्थित रामपुरको टेङ्गरहर नदी र कुलो (सिचाँई गर्ने पैनी) को सरसफाई कार्य,
- वडा नं.९ स्थित रामपुर ओहद मिया चुरिहारको घरदेखि लहेरवा तथा लक्ष्मिनिया टोल जाने बाटोसम्म कृषि बाटो निर्माण कार्य,
- वडा नं.२ मझौलिया देखि दोहरीसम्म लगभग ३ कि.मि. कुलो पैनी सरसफाई कार्य,
- वडा नं.१६ अन्तर्गत रहेको कुलो पैनी सरसफाई गर्ने कार्य

६. सव-इन्जिनियरको विज्ञापन सम्बन्धमा।
निर्णयः यस उपमहानगरपालिकाको कार्यपालिकाको बैठक नं.११।०७९।०८० मिति २०७९।१०।२६ गतेको निर्णयानुसार तिन (३) जना सव-इन्जिनियर पदको लागि मिति २०७९।११।०३ गतेमा विज्ञापन गरिएकोमा कार्यपालिकाको बैठक नं.११/०७९/८० मिति २०७९।१०।२६ गतेको निर्णयानुसार योजनाका सम्पूर्ण कार्य वडाबाट सञ्चालन गर्ने अधिकार प्रत्यायोजनको निर्णय भएकोमा पुनः कार्यपालिकाको बैठक नं.१२/०७९/८० मिति २०७९।११।११ को निर्णयानुसार हाललाई सबै योजनाहरूको कार्यान्वयन कार्यपालिकाको कार्यालयबाट साविक बमोजिम गरिने गरी अधिकार प्रत्यायोजनको निर्णय स्थगत भएको र प्राकृतिक स्रोत तथा वित्त आयोगबाट समानीकरण अनुदान पनि चालु आ.व.भन्दा आगामी आ.व.मा करिब ४ करोड घटी भएर अनुदान सिफारिस भएकोले हाललाई सव-इन्जिनियरको विज्ञापन रद्द गरी उक्त पदको लागि आवेदन दिएका उम्मेदवारहरूको राजस्व दस्तुर फिर्ता गरिदिने निर्णय गरियो।

७. वडा नं.१८ विद्यालयको जग्गा खरिदको भुक्तानी सम्बन्धमा ।

निर्णयः यस प्रस्ताव माथि छलफल गर्दा नगर कार्यपालिकाको बैठक नं.८/२०७९/८० मिति २०७९।०९।०९ गतेको निर्णय नं.४ अनुसार वडा नं.१८ भरवलियामा रहेको श्री ने.रा.आ.विद्यालयको लागि आवश्यक जग्गा खरिद गर्न सोही वडाको वडा अध्यक्ष श्री धुरुप राउत अहिर ज्यूलाई अख्तियारी दिइएकोमा जिल्ला बारा साविक गा.वि.स.मोतिसर वडा नं.७ हाल कलैया उपमहानगपालिका वडा नं.१८ बस्ने श्री शिवदयाल मुखियाको बुहारी, श्री बद्री मुखियाको श्रीमति श्री बचि देवी विनीन (ना.प्र.नं.१४।८८६३ जारी मिति २०५३।०३।२० जारी गर्ने कार्यालयः जि.प्र.का.बारा) को नाममा रहेको साविक गा.वि.स. ब्रह्मपुरी वडा नं.७ (हाल कलैया उपमहानगरपालिका वडा नं.१८) को कित्ता नं. १७१ जग्गा क्षेत्रफल ०-२-२-० मिति २०७९।११।०३ गतेमा श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय (ठेगानाः कलैया उपमहानगरपालिका वडा नं.१८, भरवलिया, बारा) को नाममा लिखत पारित भईसकेको र जग्गा विद्यालयको नाममा समेत आईसकेकोले विद्यालयको नामको जग्गा धनी प्रमाण पुर्जा सहित वडा नं.१८ को चलानी नं.१०४७/०७९/०८० मिति २०७९।१२।०८ गतेको रकम उपलब्ध गरिदिने सम्बन्धको सिफारिस पत्रानुसार जग्गाको रकम भुक्तानी माँग भई आएकोले जग्गा खरिदमा परेको रु.९,४५,०००।- (अक्षरेपी नौ लाख पैतालिस हजार मात्र) जग्गा बिक्री गर्ने बचि देवी विनीनको नाउँमा भुक्तानी दिने निर्णय गरियो ।

८. तराई मधेश समृद्धि कार्यक्रमको योजना सम्बन्धमा ।

निर्णयः कार्यपालिका बैठक नं. ९/०७९/८० मिति २०७९/०९/२५ गतेको निर्णय नं.४ अनुसार तराई मधेश समृद्धि कार्यक्रमको योजना संशोधन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र तराई मधेश समृद्धि कार्यक्रमको केन्द्रिय कार्यालयसँग पत्राचार गरी योजना संशोधनको अनुरोध गरिएकोमा योजना संशोधन सम्बन्धमा कार्यविधिमा उल्लेख नरहेको जवाफ आएकोले योजना छनौट भएकै ठाउँ कलैया उपमहानगरपालिका वडा नं.१८ मोतिसरमा नै उपभोक्ता समिति मार्फत सो योजनाको कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९. वडा नं.१९ छठी घाटको जग्गा खरिद गर्ने सम्बन्धमा ।

निर्णयः वडा नं.१९ छठी घाटको लागि आवश्यक जग्गा खरिद गर्न जग्गा खरिदको जिम्मेवारी सोही वडाका वडा अध्यक्ष श्री हरिन्द्र राउत कुर्मिलाई दिने निर्णय गरियो ।

१०. योजनाहरू कार्यान्वयन गर्ने नर्म्स सम्बन्धमा ।

निर्णयः आ.व.२०७८।०७९ सालको केही योजनाहरू संचालनमा रहेको तर केही योजनाहरू लगत ईस्टिमेट भई प्रक्रियामा रहेकोमा आ.व.२०७८।०७९ सालको अन्तिम लेखा परीक्षणका लागि महालेखा नियन्त्रण कार्यालयबाट खटी आउनु भएका लेखा परीक्षकहरू यस कार्यालयमा आउँदा सडकको काममा सडक कै र भवनको निर्माण कार्यमा भवनकै नर्म्स प्रयोग गर्नुपर्नेमा विगत वर्ष देखि नै यस कार्यालयमा सहरी आवास तथा भवन निर्माण विभागकै नर्म्स प्रयोग गरी निर्माण कार्य गराउँदै आएकोमा आजका मिति २०७९।१२।१० गते सम्म सम्झौता भई सकेको हकमा पुरानै नर्म्स अनुसार गर्ने र अब देखि सम्झौता हुने योजनाको हकमा सडकको काममा सडक विभागकै र भवनको काममा भवनकै नर्म्स प्रयोग गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

* * *